# नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय संस्थागत योजना विभाग रहेको भवनको छाना (छत) मा ट्रस बनाई कर्कट पाताको छाना राखी हल निर्माण गर्ने सम्वन्धी

## बोलपत्र फाराम

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
सामान्य सेवा विभाग

# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## सामान्य सेवा विभाग

संस्थागत योजना विभाग रहेको भवनको छाना (छत) मा ट्रस बनाई कर्कट पाताको छाना राखी हल
निर्माण गर्ने कार्यको सिलवन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०६७।०३।०१ गते)

नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय संस्थागत योजना विभाग रहेको भवनको छाना (छत) मा ट्रस बनाई कर्कट पाताको छाना राखी हल निर्माण गर्ने कार्य सिलवन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले निर्माण कार्यको इजाजतपत्र प्राप्त फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्न आह्वान गरीएको छ ।

**शर्तहरु:**

१. बोलपत्र कागजात प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म दिनको ३:०० बजेभित्र नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभाग, बालुवाटार र बैंकिङ्ग कार्यालय थापाथलीबाट रु.७,०००।०० (रु.सात हजार मात्र) (पछि फिर्ता नहुने) तिरी खरीद गर्न सकिनेछ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनभित्र (सो दिन विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको दिन) दिनको १२:०० बजेभित्र नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा बोलपत्र दाखिला भै सक्नुपर्नेछ । साथै सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने) नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा खोलिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र फारम भरी खाममा राखि सिलवन्दी गरी बैंकमा पेश गर्नु पर्नेछ ।

४. बोलपत्र प्रस्तावमा विडबण्ड वापत आफूले कवुल गरेको रकमको कम्तीमा ५(पांच) प्रतिशतले हुन आउने रकम यस बैंकको थापाथली स्थित सा.हि.नं ९ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट ईजाजत प्राप्त बैक तथा बित्तीय संस्थाबाट जारी भएको न्यूनतम नब्बे दिनको अवधि भएको विडबण्ड संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले साठी दिनको हुनेछ ।

५. बोलपत्रदाताले साझेदारीमा बोलपत्र पेश गर्न चाहेमा दुईवटा फर्म/कम्पनीहरुले मात्र संयुक्त रुपमा साझेदारीमा काम गर्ने गरी बोलपत्र दिन पाउने छन् । साझेदारीमा काम गर्ने गरी बोलपत्र दिंदा निम्न बुंदाहरुमा साझेदारहरुको सहमति हुनु पर्नेछ ।

   (क) दुवै साझेदारहरु कानूनी रुपमा उत्तरदायी हुने गरी बोलपत्रमा दस्तखत भएको हुनु पर्ने,

   (ख) ठेक्काको शर्तमा उल्लेख भए अनुसार ठेक्का कार्य संपादन गर्न दुवै साझेदारहरु संयुक्त र व्यक्तिगत रुपमा उत्तरदायी हुनु पर्ने,

   (ग) दुवै साझेदारहरुको तर्फबाट कानूनी रुपमा अधिकार प्राप्त अधिकारीहरुले दस्तखत गरी संलग्न साझेदारहरु मध्ये एउटा साझेदारलाई प्रमुख साझेदार मनोनित गरेको अख्तियारी पत्रको सक्कलै प्रति पेश गर्नु पर्ने ।

६. एक बोलपत्रदाताले व्यक्तिगत वा संयुक्त उपक्रमको साझेदार मध्धे कुनै एउटा मात्र बोलपत्र पेश गर्न पाउने छ ।

७. ठेक्का रकम उल्लेख गर्दा प्रचलित कानून अनुसार लाग्ने मूल्य अभिवृद्धि कर समावेश गरी कुल ठेक्का रकम स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

८. यस निर्माण कार्यको अनुमानित लागत (मू.अ.कर समेत) रु.३९,५३,५७६।३९ रहेको छ ।

९. बोलपत्रदाता कुनै सरकारी वा गैर सरकारी संस्थाको कालो सूचीमा परेको हुनु हुदैन ।

१०. बोलपत्रदाता प्रीबिड मिटिङ्गमा सहभागी हुनु पर्नेछ । प्रीबिड मिटिङ्ग सूचना प्रकाशित भएको मितिले २१ औं दिन मध्यान्न १२.०० मा (सो दिन बिदा परेमा त्यसको भोलि पल्ट) हुनेछ । प्रिविड मिटिङ्गमा सहभागी नभएको कारणले कुनै बोलपत्रदाताले पेश गरेको बोलपत्र मूल्यांकनबाट हटाइने छैन । प्रिविड मिटिङ्ग सम्पन्न भएपछि पनि कुनै बोलपत्रदाताले बोलपत्र खरिद गरी बैंकमा पेश गरेको छ भने त्यस्तो बोलपत्रलाई समेत मान्यता दिइनेछ ।

११. उपरोक्त अनुसार रीत नपुगेको वा म्याद भित्र प्राप्त नभएको वा झुटा विवरण पेश गरेको देखिन आएमा यसरी पेश भएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२. बोलपत्र स्वीकार गर्ने/नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

१३. यो सूचना नेपाल राष्ट्र बैंकको वेभसाईट www.nrb.org.np मा पनि हेर्न सकिने छ । बोलपत्र सम्बन्धी कागजात बैंकको वेभसाईटबाट डाउनलोड गरी पेश गर्न सकिने छ । यसरी डाउनलोड गरिएको बोलपत्र कागजातलाई माथि शर्त नं १ अनुसारको रसिद काटी यस बैंकका अधिकृत (सामान्य सेवा विभाग) बाट प्रमाणीत गराएको हुनु पर्नेछ ।

१४. बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
सामान्य सेवा विभाग

# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
## सामान्य सेवा विभाग

संस्थागत योजना विभाग रहेको भवनको छाना (छत) मा ट्रस बनाई कर्कट पाताको छाना राखी हल निर्माण गर्ने बारेको सिलवन्दी बोलपत्र फाराम

| | | |
|---|---|---|
| बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | : | २०६७... गते दिनको ३:०० बजेसम्म |
| सिलवन्दी बोलपत्र फाराम पेश गर्ने अन्तिम मिति | : | २०६७... गते दिनको १२:०० बजेभित्र । |
| प्रिविड मिटिङ्ग हुने अन्तिम मिति | : | २०६७... गते दिनको ठीक १२:०० बजे । |
| बोलपत्र खोल्ने मिति र समय | : | २०६७...... गते दिनको २:०० बजे |

नेपाल राष्ट बैंक केन्द्रीय कार्यालय संस्थागत योजना विभाग रहेको भवनको छाना (छत) मा ट्रस बनाई कर्कट पाताको छाना राखी हल निर्माण गर्ने कार्यको लागि मिति २०६७ . . . . . को ............ दैनिकमा प्रकाशित सिलबन्दी बोलपत्रको सूचना र यसैसाथ संलग्न बोलपत्र सम्वन्धी कागजातहरुको शर्तको अधिनमा रही जम्मा रु................................ (अक्षेरेपी ................................................ ..................................................... मात्र) मा कार्य सम्पन्न गर्न मन्जूर गरी यो सिलबन्दी बोलपत्र फाराम पेश गरेको छु/छौं ।

(क)

| क.सं | कामको विवरण | बोल रकम रु. (मू.अ.कर बाहेक) | मू.अ.कर | जम्मा बोल रकम रु. | जम्मा बोल रकम रु. अक्षरमा |
|---|---|---|---|---|---|
| १ | नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय संस्थागत योजना विभाग रहेको भवनको छाना (छत) मा ट्रस बनाई कर्कट पाताको छाना राखी हल निर्माण गर्ने कार्य । | | | | |

(ख)

| क.सं | विवरण | सहमत छु | सहमत छैन |
|---|---|---|---|
| १ | बोलपत्रको शर्त नं १.६ मा उल्लेख भएको व्यवस्थाको अधिनमा रही कार्य गर्न | | |
| २ | बोलपत्रको शर्त नं ४.१० मा उल्लेख भए बमोजिम सम्पन्न कार्यको वारेन्टी दिन | | |
| ३ | बोलपत्रको शर्त नं ७ मा उल्लेख भए बमोजिमको कार्य सम्पन्न गर्ने अवधि तथा क्षतिपूर्ति सम्वन्धी व्यवस्थाको अधिनमा रहि कार्य गर्न | | |
| ४ | बोलपत्रको शर्त नं.८ मा उल्लेख भए बमोजिमको भुक्तानी सम्वन्धी व्यवस्थाको अधिनमा रही कार्य गर्न | | |
| ५ | बोलपत्रको शर्त नं ९ मा उल्लेख भए बमोजिमको कारवाही सम्वन्धी व्यवस्थाको अधिनमा रही कार्य गर्न | | |

फर्म, संस्था/कंपनीको नाम :
पुरा ठेगाना :
फर्म, संस्था/कंपनीको तर्फबाट
अख्तियारवालाको दस्तखत :
पुरा नाम :
मिति :
फोन नं. :
फ्याक्स नं :
इमेल ठेगाना :
फर्मको छाप :

(नोट : बोलपत्र फारामको BOQ मा उल्लेख भएको रकम र खण्ड (क) मा उल्लेख भएको रकम बराबर हुनु पर्नेछ । सो नभएमा प्रचलित कानून बमोजिम हुनेछ ) साथै खण्ड (ख) को १ देखि ५ सम्म "सहमत छु" वा "सहमत छैन" जे लेख्नु पर्ने हो अक्षरमा स्पष्ट लेख्नु पर्नेछ ।

# बोलपत्रका शर्तहरु

## १ बोलपत्रदातालाई निर्देशन

१.१ बोलपत्रदाताले बोलपत्रको सिलवन्दी खामको बाहिरपट्टि शिरमा " नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय संस्थागत योजना विभाग रहेको भवनको छाना (छत) मा ट्रस बनाई कर्कट पाताको छाना राखी हल निर्माण गर्ने कार्य " भन्ने उल्लेख गरी श्री कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंलाई सम्वोधन गरेको हुनु पर्नेछ ।

१.२ बोलपत्रदाताले दररेट अंक र अक्षरमा स्पष्ट लेख्नुको साथै जम्मा रकम समेत उल्लेख गर्नु पर्नेछ । साथै बोलपत्र पेश गर्दा दर देखिनेमा दर, जम्मा देखिनेमा जम्मा र दर र जम्मा दुवै देखिनेमा दुवै खोली अंकलाई अक्षर समेतले बोलाई लेख्नु पर्नेछ । जम्मामा अंक र अक्षर नलेखिएको बोलपत्रलाई मान्यता दिइने छैन । सो लेख्दा भरिसक्य नविराइकन स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । विरिन गई सच्याउनु परेमा अंक र अक्षर खुर्कनु, मेट्नु हुदैन । विरिएजति अंक र अक्षर पढन सकिने गरी काटी थप्नपर्ने भएमा थप चिन्ह प्रयोग गरी जे लेख्नु पर्ने हो सो लेखी थप गरेको तथा काटेको ठाउंमा समेत अरु अंक र अक्षर थपघट गर्न नमिल्ने गरी अगाडि र पछाडि सहिछाप गरेको हुनु पर्नेछ । सो वमोजिम नभएको बोलपत्रलाई मान्यता दिइने छैन ।

१.३ बैंकबाट खरिद गरेको सक्कलै बोलपत्र फाराम पेश गर्नु पर्नेछ । तर, यस बैंकको वेभसाईटबाट डाउनलोड गरी बोलपत्र फारम बापत लाग्ने दस्तुर तिरी बैंकका अधिकृत (सामान्य सेवा विभाग) बाट बोलपत्र फारमलाई प्रमाणित गराई बोलपत्र पेश गर्न सकिने छ । फोटोकपी गरी वा अन्य कुनै तरिकाले बोलपत्र बनाई पेश गरेमा बोलपत्र रद्ध गरिनेछ ।

१.४ बोलपत्रकासाथ बैकबाट बोलपत्र फारम खरिद गर्दा उपलब्ध गराईएको रसिद अनिबार्य रुपमा संलग्न हुनु पर्नेछ ।

१.५ बोलपत्र फाराममा उल्लेख भएका शर्तहरु बाहेक बोलपत्रदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी बोलपत्र पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहनेछ ।

१.६ बोलपत्र फाराममा उल्लेखित मूल्य अन्तिम मूल्य (मू.अ.कर सहित) हुनु पर्नेछ र बोलपत्रमा उल्लेखित कार्य सम्पादन भई नसकुन्जेलसम्म घटीबढी गर्न पाइने छैन । बोल रकम नेपाली रुपैयांमा उल्लेख गर्नु पर्नेछ । विदेशी मुद्रामा उल्लेखित बोल रकमलाई मान्यता दिइने छैन ।

१.७ फर्म वा कम्पनीको तर्फबाट बोलपत्र तथा सोसंग सम्वन्धित कागजातहरु पेश गर्दा फर्म वा कम्पनीको प्रोप्राइटर, संचालक वा अख्तियार प्राप्त व्यक्तिले बोलपत्र फारामका प्रत्येक पानामा तथा सिलवन्दी खाममा दस्तखत गरी आफ्नो कार्यालयको छाप समेत अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

## २ बोलपत्र खोल्ने ब्यबस्था:

२.१ प्राप्त हुन आएका बोलपत्रहरु बोलपत्र फाराममा उल्लेख भएको मिति, स्थान र समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र खोलिने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पुगेको मानिने छैन ।

२.२ बोलपत्र पेश गर्ने अन्तिम दिन र बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा विदा पश्चात कार्यालय खुल्ने पहिलो दिनमा बोलपत्र बुझिने र खोलिनेछ ।

## ३ बोलपत्रदाताको ग्राह्यता सम्बन्धी आधारहरु

३.१ बोलपत्रदाताले बोलपत्रलाई सिलवन्दी गरी बैंकमा पेश गर्नु पर्नेछ ।

३.२ बोलपत्र फारामका साथ निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

- क. फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र ।
- ख. ब्यवसायको सम्वन्धित नियमक निकायबाट नविकरण भएको ईजाजतपत्र ।
- ग. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा (प्यान) दर्ता नम्बर प्रमाणपत्र ।
- घ. आ.व.२०६४।६५ सम्मको सम्वन्धित कर कार्यालयबाट कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि वा आ.व.२०६५।६६ को कर विवरण पेश गरेको प्रमाण,
- ङ बोलपत्रदाताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित घोषणा पत्र ।
- च. बोलपत्र फारमका साथ सम्बन्धित काम गरेको (रकम समेत खुल्ने गरी) अनुभवको प्रमाण पत्र संलग्न गर्नु पर्नेछ ।

३.३ माथि शर्त नं. ३.२ को खण्ड (क) देखि (च) सम्ममा उल्लेख भएका कागजातहरु बाहेक बोलपत्रदाताले योग्यता सम्बन्धी निम्न बमोजिमको कागजातहरु पेश गर्नु पर्नेछ ।

- क. मुख्य सम्झौताकर्ता भई एकलौटी रुपमा कामगरेको, ब्यबस्थापन सम्झौता गरी काम गरेको, सयुक्त उपक्रमको साझेदार वा सहायक ठेकेदार भई काम गरेको अनुभवको प्रमाण पत्र ।
- ख. खण्ड (क) मा उल्लेख भए बमोजिमको काम गर्दाको पछिल्लो तीन बर्षको सरदर बार्षिक कारोवारको विवरण ।
- ग. प्रस्तावित खरिद सम्झौता बमोजिमको कार्य शुरु गर्नका लागि आबश्यक रकम अग्रीम रुपमा भुक्तानी नपाउने वा पाउन ढिलाई हुन सक्ने अबस्थामा प्रस्तावित कार्य तोकिएको समयमै शुरु गर्नका लागि आबश्यक बित्तीय श्रोत भएको प्रमाण पत्र ।

घ. बोलपत्रदाताको आफ्नै स्वामित्वमा रहेको वा प्रस्तावित खरिद सम्झौतामा उल्लेखित अवधिभर निर्बाध रुपमा उपयोग गर्न सक्ने गरी भाडा, लिज सम्झौता वा अन्य व्यवसायिक माध्यबाट उपलब्ध हुने चालु हालतका प्रस्तावित खरिद कार्यमा प्रयोग गर्ने उपकरणहरुको उपलब्धता सम्बन्धी विवरण ।

३.४ संयुक्त उपक्रममा बोलपत्र पेश गरेमा साझेदार कम्पनीको निम्न बमोजिमको विवरणहरु समेत बोलपत्रका साथ संलग्न गर्नु पर्नेछ ।

क. माथि शर्त नं. ३.२ को खण्ड (क) देखि (च) सम्ममा उल्लेख भएका कागजातहरुका अतिरिक्त निम्न कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

ख. साझेदारको सरदर वार्षिक कारोवारको विवरण

ग. साझेदारको विशेष अनुभव र नीजले सम्पादन गरेको प्रमुख कार्यको विवरण ।

घ. साझेदारको नगद प्रवाह र जनशक्ति सम्बन्धी क्षमताको विवरण ।

ङ साझेदारको औजार तथा उपकरण सम्बन्धी क्षमताको विवरण ।

## ४ बोलपत्र र कार्य सम्पादन जमानत तथा वारेन्टी सम्बन्धमा

४.१ बोलपत्रदाताले बोलपत्रका साथ आफूले कवोल गरेको रकमको कम्तिमा पांच प्रतिशतले हुन आउने रकममा नघटाई यस बैंकको बैंकिंग कार्यालय, थापाथली स्थित सा.हि.नं ९ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकलाई मान्य हुने ईजाजतपत्र प्राप्त बैंक तथा बित्तिय संस्थाले जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत पेश गर्नु पर्ने छ ।

४.२ शर्त नं. ४.१ बमोजिमको बोलपत्र जमानतको मान्य अवधि बोलपत्रको मान्य अवधिभन्दा कम्तिमा ३० दिन बढिको हुनु पर्ने छ । (बोलपत्र खुल्ने मितिले ६० दिन अवधिको बोलपत्र जमानत संलग्न हुनु पर्नेछ ।

४.३ बोलपत्र प्रस्ताव स्वीकृत हुने बोलपत्रदाताले आफूले कवोल गरेको रकमको १० (दश) प्रतिशतले हुन आउने रकममा नघटाई यस बैंकको बैंकिंग कार्यालय, थापाथली स्थित सा.हि.नं ९ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट इजाजत प्राप्त बैंक तथा बित्तीय संस्थाले यस बैंकको पक्षमा जारी गरेको सो रकम बराबरको कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ ।

४.४ बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले शर्त नं.४.३ वमोजिम कार्य सम्पादन जमानत वापतको रकम नगद जम्मा गर्ने भएमा बोलपत्र पेश गर्दा बोलपत्र जमानत वापत नगद जम्मा गरेको रहेछ भने नपुग हुन आउनेजति रकम मात्र जम्मा गरेमा समेत त्यस्तो कार्य समपादन जमानतलाई मान्यता दिइनेछ ।

४.५ शर्त नं. ४.३ र शर्त नं. ४.४ मा भएको ब्यबस्था बमोजिमको कार्य सम्पादन जमानतको अबधि कम्तिमा एक वर्षको हुनु पर्नेछ ।

४.६ बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले शर्त नं. ४.५ मा उल्लेख भए बमोजिमको कार्य सम्पादन जमानतको सक्कल भौचर सहित सम्झौता गर्न आउने पत्र प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्झौता गर्न आउनु पर्नेछ ।

४.७ बोलपत्रदाताले पेश गरेको कार्य सम्पादन जमानत सम्झौतापत्र बमोजिम मात्र फुकुवा गरिनेछ ।

४.८ बैंकबाट स्वीकार नगरिएको बोलपत्रदाताको बोलपत्र जमानत सम्झौता सम्पन्न भएपछि विना व्याज फिर्ता गरिनेछ ।

४.९ संयुक्त उपक्रममा बोलपत्र पेश गरेको अबस्थामा संयुक्त उपक्रमका सबै साझेदारका नाममा र सबै साझेदारको दायित्व हुने गरी बोलपत्र जामानत जारी गरिएको हुनु पर्नेछ ।

४.१० सम्पन्न कार्यको वारेन्टी अवधि २ (दुई) वर्षको हुनेछ ।

## ५ बोलपत्र खोल्ने र मूल्याङ्कन सम्बन्धी

५.१ बैंकबाट प्रकाशित सूचना तथा यो बोलपत्रको शर्त नं. १, ३ र ४ मा उल्लिखित सवै कुराहरुको रित नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

५.२ बोलपत्र खोली स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

५.३ बोलपत्रदाताले पेश गरेको दररेट अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । परिमाण र दर अनुसारको जम्मा मूल्य फरक परी बोलपत्र पेश हुन आएमा परिमाण र दर अनुसारको रकम बैंकले मिलान गरी कुल बोल अंक कायम गर्न सक्नेछ । त्यसै गरी कुल जम्मा रकममा गणितीय त्रुटी भएमा त्यस्तो त्रुटीलाई बैकबाट सच्याई मिलाउन सकिनेछ ।

५.४ रित पुगेका बोलपत्रहरुमध्ये सबैभन्दा कम बोलअंक कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्विकृत हुनेछ ।

## ६ निर्माण कार्य तथा पेश्की सम्बन्धी

६.१ ठेक्का स्वीकृत भई सम्झौता भएपछि निर्माण व्यवसायीबाट कामको सिलसिलामा अग्रिम पेश्की माग गरेमा स्वीकृत कुल रकम (मू.अ.कर बाहेक) को २० प्रतिशतसम्म बैंक ग्यारेन्टी लिई पेश्की दिन सकिनेछ । यसरी प्रदान गरिएको पेश्की फछ्र्यौट नभएसम्म निजले पाउने प्रत्येक स्वीकृत रनिंग विल रकमको पचास प्रतिशतका दरले रकम कट्टा गरी असुल गरिनेछ ।

६.२ निर्माण कार्यको रेखदेख बैंकका प्राविधिक इन्जिनियर (यसपछि परामर्शदाता भनिएको) ले गर्नेछन् ।

६.३ निर्माण कार्यको शिलसिलामा बैंकले नियुक्त गरेको परामर्शदाताले दिएको निर्देशन निर्माण व्यवसायीले पूर्ण रुपले पालना गर्नु पर्नेछ ।

६.४ ठेक्का स्वीकृत भई बैंक र निर्माण व्यवसायी बीच सम्पन्न हुने सम्झौतापत्रमा निम्न शर्तहरु समावेश गरिनेछ :

(क) स्वीकृत बोलपत्रदाताले कार्यसम्पादन जमानत वापत राखेको धरौटी रकम कार्य सम्पन्न भएको मितिले एक वर्षसम्म रोकी राखिनेछ ।

(ख) बोलपत्रदाताको विलको भुक्तानी गर्दा स्वीकृत बीलको दश प्रतिशत रकम रिटेन्सन मनि कट्टा गरी फाइनल विल भुक्तानी भएको मितिले वारेन्टी (दुई वर्ष) अवधिसम्म रोकी राखिनेछ । तत्पश्चात कामको स्तर निरीक्षण गरी सम्पादित कामको गुणस्तर सन्तोषजनक रहेको भनि बैंकबाट नियुक्त परामर्शदाताबाट सिफारिस भएपछि मात्र उक्त रकमको भुक्तानी फुकुवा गरिनेछ, ।

(ग) खण्ड (क) बमोजिमको परफरमेन्स बण्डको रकम (नगद जम्मा गरेको भएमा) र खण्ड (ख) बमोजिम कट्टा गरी राखिएको रिटेन्सन मनी वापतको रकम उक्त खण्डमा उल्लेखित मिति अगावै ठेकेदारलाई आवश्यक परी माग गरेमा फाइनल बील स्वीकृत भई निर्माण कार्यको हस्तान्तरण पश्चात निजले सो रकमलाई खाम्ने बैंक ग्यारेन्टी पेश गरी त्यस्तो रकमको भुक्तानी लिन सक्नेछ ।

## ७ कार्य सम्पन्न गर्ने अवधि तथा क्षतिपूर्ति सम्वन्धी व्यवस्था

७.१ बोलपत्र स्वीकृत भएमा सम्झौता गरेको मितिले १८० दिनभित्रमा काम सम्पन्न गरिसक्नु पर्नेछ ।

७.२ कामको क्रममा बैंकले थप कार्य स्वीकृत गरेमा वा काबु वाहिरको परिस्थिति उत्पन्न भई समयमा कार्य सम्पादन हुन नसकेको भनी बैंकलाई लागेमा मात्र कार्य अवधि थप गर्न सकिनेछ ।

७.३ स्विकृत बोलपत्रदाताले शर्त नं. ७.१ मा उल्लेख गरिएको समयभित्र र शर्त नं. ७.२ बमोजिम कार्य अवधि थप गरिएको भए सो समेतमा निर्माण कार्य सम्पन्न गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने छ । निर्माण कार्य बैंकलाई हस्तान्तरण नगरी कार्य सम्पन्न भएको मानिने छैन ।

७.४ तोकिएको समयभित्र काम सम्पन्न गर्न नसकेमा अवधि समाप्त भएको मितिले कुल सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनका दरले निर्माण व्यवसायीले हर्जाना बुझाउनु पर्नेछ । हर्जाना रकम कुल सम्झौता रकमको १० प्रतिशत भन्दा बढि हुने छैन ।

७.५ सम्झौता रकमको १० प्रतिशत सम्म हर्जाना लाग्ने अवधिसम्ममा पनि काम सम्पन्न गर्न नसकेमा वा कार्य बीचैमा छोडेमा बैंकले आफ्नो तर्फबाट सो कार्य सम्पन्न गराई कार्य सम्पन्न गराउँदा लागेको सम्पूर्ण खर्च निर्माण व्यवसायीबाट असुल उपर गर्नेछ ।

७.६ शर्त नं. ७.३ बमोजिम कार्य सम्पन्न गरी निर्माण कार्य बैंकलाई हस्तान्तरण गरेको मितिले दुईबर्षसम्म निर्माण कार्यमा कुनै त्रुटी देखिएमा सो त्रुटी निर्माण व्यबसायीले सच्याउनु पर्ने छ ।

## ८ भुक्तानी सम्बन्धी व्यबस्था

८.१ बोलपत्रदाताबाट पेश हुन आएको रनिङ्ग विलको भुक्तानी बैंकका प्राविधिकबाट भएको वास्तविक नापजांचको आधारमा एकाउन्टपेयी चेकबाट गरिनेछ । बिलको भुक्तानी दिंदा प्रत्येक स्विकृत रनिङ्ग विलबाट रिटेन्सन मनि बापत १० प्रतिशत रकम कट्टी गरिने छ ।

८.२ रिटेन्सन मनि बापत कट्टी गरी राखेको रकम शर्त नं. ७.६ मा उल्लेख भए बमोजिमको त्रुटी सच्याउने अवधि समाप्त भए पछि भुक्तानी दिईनेछ । त्रुटी सच्याउने अवधि समाप्त नहुदै भुक्तानी लिन चाहेमा सो रकम बराबरको बैंक जमानत राखेमा उक्त रकम भुक्तानी दिन सकिनेछ ।

८.३ विल अफ क्वान्टीटीमा उल्लेख गरिएको विवरण तथा स्पेशिफिकेशन अनुसारको कार्य नभई फरक परेमा बैंकलाई स्वीकार्य हुने छैन र त्यस्तो कामको भुक्तानी दिइने छैन ।

८.४ निर्माण ब्यबसायीको तर्फबाट कार्य सम्पन्न गरी पेश हुन आएको अन्तिम विलको भुक्तानी गर्ने क्रममा बैंकले आवश्यक ठानेमा आफ्नै खर्चमा बाह्य प्राविधिकबाट कामको नापजाँचपास गरी स्पेशिफिकेशन अनुसारको काम भए, नभएको यकिन गरी भुक्तानी दिन बाँकि रकमको भुक्तानी गर्नेछ । जाँचपासको शिलसिलामा गुणस्तर परीक्षण समेत गराउन सक्नेछ । यस्तो नापजाँच परीक्षणबाट प्राप्त विवरणलाई अन्तिम मानी विलको भुक्तानी गरिने हुँदा सो उपर निर्माण ब्यबसायीले कुनै विवाद उठाउन पाउने छैन ।

८.५ बोलपत्रमा उल्लेखित दररेट बाहेक निर्माण अबधिमा हुने कुनै प्रकारको मूल्य वृद्धिको भुक्तानी गर्न बैक बाध्य हुने छैन ।

## ९ कारवाही सम्बन्धी ब्यबस्था

९.१ स्विकृत बोलपत्रदाताले सम्झौता अनुसार तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेमा वा कार्य बीचैमा छोडेमा बैंकले आफ्नो तर्फबाट सो कार्य सम्पन्न गराई कार्य सम्पन्न गराउदा लागेको सम्पूर्ण खर्च सम्बन्धित निर्माण ब्यबसायीबाट असुल उपर गर्ने छ ।

९.२ स्वीकृत बोलपत्रदाताले बोलपत्र वमोजिमको कार्य गर्न कार्यादेश बुझ्न नआएमा वा कार्य गर्ने सम्वन्धी सम्झौता गर्न नआएमा शर्त नं. ४.१ अनुसार पेश भएको जमानत वा सम्झौता अनुसारको कार्य नगरेमा निजले राखेको शर्त नं. ४.३ अनुसारको कार्य सम्पादन जमानत जफत गरी त्यस्तो फर्मलाई कालो सूचीमा राख्न कारवाहि अगाडि बढाइनेछ ।

९.३ निर्माण ब्यबसायिको तर्फबाट कार्य सम्पन्न गरी पेश हुन आएको अन्तिम विलको भुक्तानी गर्ने क्रममा बैंकले निर्माण कार्यको बाह्य प्राविधिक (बैंकबाट नियुक्त परामर्शदाता) बाट नापजाँच तथा परीक्षण गराउँदा बैंकलाई हानी नोक्शानी हुने गरी काम कारवाही भए गरेको पाइएमा बोलपत्रको शर्त नं. ४.३ अनुसारको कार्य सम्पादन जमानत जफत गरी त्यस्तो फर्मलाई कालो सूचीमा राख्न कारवाहि अगाडि बढाइनेछ ।

१०. **भेरिएसन आदेश**

खरिद सम्झौता बमोजीम कार्य शुरु भइ सकेपछि प्राविधिक कारणबाट निर्माण कार्यको परिमाणमा थप घट गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा खरिद ऐन, २०६३ तथा नेपाल राष्ट्र बैंक खर्च ब्यबस्था बिनियमावली, २०६४ को अधिनमा रहि भेरिएसन आदेश जारी गर्न सकिने छ ।

११. **बोलपत्र स्विकृत सम्बन्धी ब्यबस्था**

११.१ बोलपत्रको पूर्णताको परीक्षणमा सफल भएका बोलपत्रहरुको मात्र प्राबिधिक, ब्यापारिक र आर्थिक पक्षको परीक्षण गरिनेछ ।

११.२ प्राविधिक र व्यापारिक पक्षको परीक्षणमा सफल बोलपत्रको मात्र आर्थिक पक्षको मूल्यांकन गरिने छ । आर्थिक पक्षको मूल्यांकन गर्दा सारभूत रुपमा प्रभावग्राही सबैभन्दा कम मूल्य प्रस्ताव गर्ने बोलपत्रदाताको वोलपत्र स्वीकृत गरिनेछ ।

११.३ शर्त न. ११.१ र ११.२ बमोजिम छनौट भएको बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्र जमानत जफत गरी सो भन्दा लगतै पछिको (दोस्रो न्यूनतम मूल्य प्रस्ताव गर्ने बोलपत्रदाता) सारभूत रुपमा प्रभावग्राहि भएमा मात्र उक्त बोलपत्रदाताको बोलपत्र स्विकृतिको लागि छानिनेछ ।

१२. **काम तथा निर्माण सामाग्रीको गुणस्तर सम्बन्धमा**

१२.१ सम्पादित काम तथा प्रयोग भएको निर्माण सामाग्रीको गुणस्तर प्रमाणीत गर्ने सम्पूर्ण दायित्व बोलपत्रदाताको हुनेछ ।

१२.२ बील अफ क्वान्टीटीमा उल्लेख भए बमोजिमको कार्य गुणस्तर युक्त गर्नु पर्नेछ ।

**१३. बिबिध ब्यबस्था**

१३.१ प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

१३.२ बोलपत्रदाताले बोलपत्र साथ BOQ मा उल्लेख भएको कार्यको विवरणको समयावधि सहितको कार्य तालिका बनाई पेश गर्नु पर्नेछ ।

१३.३ बोलपत्रमा कारणबस कुनै पनि किसिमको गल्ति हुन गएको खण्डमा त्यस्तो गल्तिको फाइदा बोलपत्रदाताले लिन पाउने छैन । कथंकदाचित कुनै बोलपत्रदाताबाट त्यस्तो गल्ति भएको भेटिएमा सोको लिखित जानकारी बैंकलाई दिनु पर्नेछ । त्यस्तो जानकारी बैंकमा प्राप्त हुन आएमा र बैंकले आवश्यक देखेमा आवश्यक संशोधन गरी सबै बोलपत्रदातालाई सूचना गर्नेछ ।

१३.४ बोलपत्रदातालाई बोलपत्र सम्वन्धी काम कारवाहि र निर्णय गर्दा कुनै त्रुटी भएको भन्ने लागेमा र त्यस्तो कारवाहि र निर्णयबाट बोलपत्रदातालाई क्षती पुग्ने वा पुग्न सक्ने भए सो को सवुत प्रमाण सहित बोलपत्रदाताले यस्तो कारवाहि वा निर्णयको पुनरावलोकनका लागि गभर्नर समक्ष निबेदन दिन सक्नेछन् । यस्तो निवेदन उपर गभर्नरले गरेको निर्णय अन्तिम हुनेछ ।

१३.५ बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र प्रस्ताव फिर्ता लिन चाहेमा सो सम्बन्धी निबेदन खाममा सिलबन्दी गरी त्यस्तो खामको वाहिरी भागमा बोलपत्रको बिषय र बोलपत्र माग गर्ने कार्यालयको नाम लेखि बोलपत्र पेश गर्ने अन्तिम समय भित्रै सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

१३.६ गर्नु पर्ने कार्यको सुरक्षा, कामदारको सुरक्षा तथा उपकरणहरुको सुरक्षाका सम्बन्धमा गर्नु पर्ने बीमा सम्बन्धी सम्पूर्ण ब्यबस्था बोलपत्रदाताले गर्नु पर्नेछ ।

१३.७ बोलपत्रदाताले कार्य सम्पादन गर्दा बैंकको मौजुदा संरचना तथा सम्पत्तिमा कुनै प्रकारको हानी नोक्सानी हुन गएमा सोको मर्मत संभार गर्ने दायित्व बोलपत्रदाताको हुनेछ ।

१३.८ बोलपत्र सम्बन्धी शर्तहरु तथा बोलपत्र सूचनामा उल्लेख नभएका कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा नेपाल राष्ट्र बैंक खर्च ब्यबस्था बिनियमावली, २०६४ बमोजिम हुने छ ।

**नेपाल राष्ट्र बैंक**
**सामान्य सेवा विभाग**
**बालुवाटार, काठमाडौं**

# घोषण-पत्र

तपशिलमा दस्तखत गर्ने म/हामी यो घोषण गर्दछु/गर्दछौं कि प्रस्तावको शर्तमा उल्लेख भए बमोजिम यो बोलपत्र कारवाहिमा भाग लिन हरतरहले योग्य रहेको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो वा आफ्नो फर्मको स्वार्थ नबाझिएको र पेशा तथा ब्यबसाय सम्बन्धी कसुरमा आफूले कुनै सजाय हालसम्म नपाएको लिखित स्वघोषणा गर्दछु/गरेका छौं ।

फर्मको नाम

पुरा ठेगाना

फर्मको तर्फबाट अख्तियारवाला
(संचालक, प्रोप्राईटर वा संस्थाले
अख्तियारी दिएको व्यक्ति)को दस्तखत

अख्तियार प्राप्त व्यक्तिको पुरा नाम

मिति

फोन नं.

फ्याक्स नं

इमेल ठेगाना

इति सम्बत २०६७ साल...... गते रोज .... शुभम......................

नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय "संस्थागत योजना विभाग रहेको भवनको छाना (छत) मा ट्रस बनाई कर्कट पाताको छाना राखी हल निर्माण गर्ने " सम्बन्धमा आह्वान गरिएका प्रस्तावहरुको मूल्यांकन गरिने आधारहरुः

१. **प्रस्तावको पूर्णताको परीक्षणका आधारहरु :**

प्रस्ताव पेश गर्दा प्रस्तावका साथ तल ( **क** देखि **ञ** सम्म) उल्लेख भएका बिबरणहरु अनिबार्य रुपमा बुझाउनु पर्ने छ । यी मध्धे कुनै एक पनि नभएमा प्रस्ताव पूर्णताको परीक्षणमा असफल हुने छ र प्रस्तावको अन्य पक्षको मूल्याङ्कन गरिने छैन ।

क. प्रस्ताव शिलबन्दी खाममा राखी पेश गर्नु पर्नेछ ।
ख. फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र ।
ग. ब्यबसायको सम्वन्धित नियमक संस्थाबाट नविकरण भएको ईजाजतपत्र ।
घ. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा (प्यान) दर्ता प्रमाणपत्र ।
ङ. आ.व. २०६४/०६५ सम्मको सम्वन्धित कर कार्यालयबाट कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि वा आ.व.२०६५।६६ को कर बिवरण पेश गरेको प्रमाण ।
च. बोलपत्रदाता खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनि लिखित घोषणा पत्र ।
छ. बैकबाट बिक्री भएको प्रस्ताव फारमको सक्कलै प्रति ।
ज. फर्म बिक्री गर्दा बैंकले दिएको नगदी रसिद ।
झ. बोलपत्रदाताले बोलपत्रका साथ आफूले कवोल गरेको रकमको कम्तिमा पांच प्रतिशतले हुन आउने रकममा नघटाई यस बैंकको बैंकिंग कार्यालय, थापाथली स्थित सा.हि.नं ९ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट ईजाजत प्राप्त बैंक तथा बित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको सो रकम बराबरको बोलपत्र जमानत ।
ञ. बोलपत्रदाता ब्यक्तिगत रुपमा वा संयुक्त उपक्रमको साझेदारको रुपमा एकभन्दा बढि बोलपत्रमा संलग्न भएको वा नभएको ।

संयुक्त उपक्रममा प्रस्ताव पेश गरेको रहेछ भने उपरोक्तमा उल्लेख भएको बाहेक देहायमा उल्लेख भएको विवरणहरु समेत प्रस्तावका साथ पेश गर्नु पर्ने छ ।

ट. दुबै साझेदारहरु कानूनी रुपमा उत्तरदायी हुने गरी प्रस्ताव फर्ममा हस्ताक्षर गरेको हुनु पर्ने छ ।
ठ. दुबै साझेदारहरुको तर्फबाट कानूनी रुपमा अधिकार प्राप्त अधिकारीबाट हस्ताक्षर गरी कुनै एउटा साझेदारलाई प्रमुख साझेदार मनोनित गरेको अख्तियारी पत्रको सक्कलै प्रति संलग्न गर्नु पर्नेछ ।

२. **प्रस्तावको प्राबिधिक पक्षको मूल्यांकनका मापदण्डः**

पूर्णताको परीक्षणमा सफल भएका प्रस्तावदाताको मात्र तल उल्लेख भएका आधारमा प्राबिधिक पक्षको मूल्याङ्कन गरिने छ ।

(क) बोलपत्रदाताले कार्य सम्पादन गर्नका लागि आबश्यक
- उपकरणहरुको विवरणहरु पेश गर्नु पर्नेछ ।
- उपकरणहरु बोलपत्रदाताको आफ्नै छ भने स्वामित्व प्रमाणीत गर्ने कागजात वा भाडामा ल्याई कार्य गर्ने हो भने आवश्यक परेको बेलामा उपलब्ध गराउने आपूर्तिकर्ताको प्रतिबद्धता पत्र पेश गर्नु पर्नेछ ।

(ख) बोलपत्रदाताले कार्य सम्पादनका लागि आबश्यक पर्ने दक्ष जनशक्तिहरुको विवरण पेश गर्नुका साथै दक्ष जनशक्तिहरुको प्रतिबद्धता पत्र समेत पेश गर्नु पर्नेछ ।

(ग) पेश भएका प्रस्तावहरुको मूल्यांकनको क्रममा कथंकदाचित प्रमाणीकरण गर्नु पर्ने स्थिति देखिएमा देहाय बमोजिम गर्न सकिनेछ :-

(१) प्रस्तावमा समावेश गरिएका यन्त्र तथा उपकरणहरुको क्षमता, किसिम र अवस्थाको स्थलगत जांच गर्न सकिनेछ ।
(२) प्रस्तावमा समावेश गरिएका यन्त्र तथा उपकरणहरुको प्रमाणित कागजातहरु जस्तैः( ब्लु बुक, खरिद विल आदि वारे सम्वन्धित निकायसंग सोधपुछ गर्न सकिनेछ ।
(३) उपरोक्त अनुसार सोधपुछ तथा स्थलगत निरीक्षण गर्दा झुट्ठा विवरण पेश गरेको देखिएमा सो प्रस्ताव रद्द गरिनेछ ।

## ३. प्रस्तावको ब्यापारिक पक्षको मूल्यांकनका मापदण्ड:

पूर्णताको परीक्षण र प्राविधिक पक्षको मूल्यांकनमा सफल भएका प्रस्तावहरु मात्र तल उल्लेखित बुदाहरुको आधारमा ब्यापारिक पक्षको मूल्याङ्कन गरिनेछ ।

१. आर्थिक वर्ष ०६४।०६५, ०६५।०६६ को लेखापरीक्षण भई सकेको बासलात तथा नाफ नोक्सान विवरण पेश गर्नु पर्नेछ ।

२. बिगत तीन बर्षमा जम्मा रु. ५० लाख सम्मको Truss वा सोसंग सम्वन्धित निर्माण सम्बन्धी कार्य एकल रुपमा गरेको बिवरण पेश गर्नु पर्नेछ । यस्तो विवरण पेश गर्दा कार्य गरेको स्थान, कार्यको कुल रकम, कार्य गराउने संस्था तथा कार्य सम्पन्न गरेको मिति समेत खुल्ने गरी कार्य लगाउने संस्थाले दिएको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

३. कारोवार गरेको बैंक तथा बित्तीय संस्थाले जारी गरेको रु. ५० लाखभन्दा बढीको वित्तीय क्षमता सम्वन्धी बिवरण पेश गर्नु पर्नेछ

४. मालसामान, निर्माण कार्य वा अन्य सेवा आपूर्ति तथा कार्य सम्पन्न गर्ने अवधि तालिका उल्लेख गर्नु पर्नेछ ।

५. कार्य सम्पन्न गर्ने अवधि बैंकले तोकेभन्दा घटीबढी भएमा सो उल्लेख गर्नु पर्नेछ ।

६. भुक्तानी तथा जरिवाना सम्वन्धमा बैंकले तोकेभन्दा अन्य कुनै शर्त भएमा सो उल्लेख गर्नु पर्नेछ ।

७. प्रस्तावदाताले आफ्नो तर्फबाट कुनै थप शर्त राखेको अवस्थामा सोको विस्तृत विवरण उल्लेख गर्नु पर्नेछ ।

## ४. प्रस्तावको आर्थिक पक्षको मूल्यांकनका मापदण्ड:

पूर्णताको, प्राबिधिक र ब्यापारिक पक्षको मूल्याङ्कनमा सफल प्रस्तावदाताको तल उल्लेख भएका बुदाहरुको आधारमा आर्थिक पक्षको मूल्याङ्कन गरिनेछ ।

१. बोलपत्रदाताले Bill of Quantity फारममा मूल्य अंक र अक्षरमा स्पष्ट रुपमा भरेको हुनु पर्नेछ ।

२. Bill of Quantity मा प्रस्ताव गरिएको मूल्यमा मूल्य अभिबृद्वि कर समेत समावेश भएको हुनु पर्नेछ ।

३. बोलपत्रको शर्त नं १.६ बमोजिम कार्य गर्न मन्जूर भए नभएको उल्लेख गर्नु पर्नेछ ।

४. अनुमानित लागतभन्दा घटि/बढी कवोल गरेको भए सो उल्लेख गर्नुपर्नेछ ।

## ५. प्रस्तावको विशेष मूल्यांकनका मापदण्ड:

प्रस्तावदाताले पेश गरेको प्रस्ताव पूर्णताको परीक्षणमा सफल भई बैंकले आवश्यक ठानेमा प्राविधिक, व्यापारिक र आर्थिक पक्षका अतिरिक्त देहायका कुरामा विशेष मूल्यांकन गर्न सक्नेछ ।

१. बोलपत्र सम्वन्धी कागजातमा निर्माण कार्यको कार्ययोजना, कार्य सम्पादन तालिका र परिचालन समय उल्लेख गर्नु पर्नेछ ।

२. बोलपत्रदाताले बील अफ क्वान्टिटीमा संलग्न आइटमको लागि उल्लेख गरेको प्रति इकाई दर विश्वसनीय हुनु पर्नेछ ।

३. बोलपत्रको कवोल अंक देहायको कारणले असन्तुलित हुनु हुने छैन ।

   (क) खरिद सम्झौताको प्रारम्भिक चरणमा गर्नु पर्ने कामको आइटमको लागि बोलपत्रदाताले अस्वभाविक उच्च दर उल्लेख गरेकोले वा

   (ख) बोलपत्रदाताले बील अफ क्वान्टिटीको कुनै आइटममा अस्वभाविक न्यून दर उल्लेख गरेको र कुनै आइटममा अस्वभाविक उच्च दर उल्लेख गरेको ।

नोट:

१. सरकारी वा संगठित (कानूनी मान्यता प्राप्त) संघ, संस्थाहरुको परियोजनालाई मात्र मान्यता दिइनेछ । सिधै आफूले लिई कार्य गरेको अनुभव भएमा मात्र अंक दिइनेछ । अरु कुनै कम्पनीको साझेदारको रुपमा गरेको कार्यलाई मान्यता दिइने छैन ।

२. प्रस्तावदाताले सम्पन्न गरेका प्रत्येक कामको प्रमाण खुल्ने प्रमाणित कागज पेश गर्नु पर्नेछ ।

३. कार्य सम्पन्न भैसकेको परियोजनालाई मात्र गणना गरिनेछ । Work in Progress लाई मान्यता दिइने छैन ।

४. यस परियोजनामा प्रस्तावदाताले संयुक्त उपक्रम (जे.भि) मा काम गर्ने गरी प्रस्ताव पेश गरेकोमा त्यस्ता प्रस्तावदाताको साझेदारको पनि वित्तीय क्षमता खुल्ने कागजात पेश गर्नु पर्नेछ ।

**नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग**
**र**
**श्री ................ बीच सम्पन्न**
**सम्झौता पत्र**

नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौं ( यस पछि प्रथम पक्ष भनिएको ) र **श्री** ............. (यसपछि द्वितीय पक्ष भनिएको) बीच नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय संस्थागत योजना विभाग रहेको भवनको छाना (छत) मा ट्रस बनाई कर्कट पाताको छाना राखी हल निर्माण गर्ने सम्वन्धमा यसै साथ संलग्न शर्त र स्पेशिफिकेशन वमोजिम बास्तविक कार्य गरेको आधारमा विलको भुक्तानी दिने गरी हाल स्वीकृत रकम मू.अ.कर समेत रु...........................मात्र) मा ठेक्का लिने / दिने गरी यो सम्झौता गरिएको छ ।

१. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतापत्रमा :-

(क) **प्रथम पक्ष** भन्नाले नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटार, काठमाडौं सम्झनु पर्छ र सो शव्दले बैंकबाट नियुक्त कन्सल्टेन्ट इन्जिनियर समेतलाई जनाउनेछ ।

(ख) **द्वितीय पक्ष** भन्नाले **श्री**.......................................... सम्झनु पर्छ र सो शव्दले निजको उत्तराधिकारी, अधिकृत प्रतिनिधि वा निजले खटाएको वा अह्राएको व्यक्ति समेतलाई जनाउंछ ।

(ग) **प्रथम पक्षको प्रतिनिधि** भन्नाले बोलपत्र अनुसारको कामको रेखदेख गर्न आवश्यकतानुसार प्रथम पक्षबाट निर्माणस्थलमा खटाइएको व्यक्तिलाई सम्झनु पर्छ ।

(घ) **काम** भन्नाले सम्झौतापत्र र Bill Of Quantity मा उल्लेख भए अनुसारको काम सम्झनु पर्छ ।

(ङ) **सम्झौतापत्र** भन्नाले यस सम्झौतापत्रमा उल्लिखित शर्तहरु, स्पेशिफिकेशन, नक्सा, विल अफ क्वान्टीटी, तोकिएको ठेक्का रकम, सो संग सम्वन्धित दर र बोलपत्रलाई समेत सम्झनु पर्छ ।

(च) **निर्माण सामाग्री** भन्नाले बोलपत्र अनुसारको कार्यमा वा त्यस्तो कार्यको लागि प्रयोगमा ल्याइने सम्पूर्ण माल सामानलाई सम्झनु पर्छ ।

(छ) **नक्सा** भन्नाले बोलपत्र अनुसार गर्ने कार्यको नक्सा सम्झनु पर्छ र सो शव्दले समय समयमा इन्जिनियरले आवश्यक हेरफेर र परिमार्जन गरी स्वीकृत गरेको नक्सा समेतलाई जनाउंछ ।

(ज) **निर्माणस्थल** भन्नाले काम हुने ठाउं सम्झनु पर्छ र सो शव्दले निर्माण कार्यमा प्रयोग गरिने माल सामान राखिने ठाउं समेतलाई जनाउंछ ।

२. **बैंकबाट नियुक्त कन्सल्टेन्ट इन्जिनियरको अधिकार र कर्तव्यः** (१) इन्जिनियरको अधिकार र कर्तव्य देहाय वमोजिम हुनेछ :-

(क) कामको सम्पूर्ण रेखदेख गर्ने ।

(ख) काममा प्रयोग गरिने वस्तुको परीक्षण गर्ने वा गर्न लगाउने ।

(ग) कामको स्तर वा दक्षता हेर्ने र सो परीक्षण गर्ने वा गर्न लगाउने ।

(घ) यस सम्झौतामा उल्लिखित कामहरु गर्ने वा गर्न लगाउने ।

(ङ) आवश्यकता परेमा मर्मत सामाग्रीहरु कार्य स्थलमा दाखिला हुनासाथ सोको परिमाण खुलाई द्वितीय पक्षबाट विवरण लिने वा लिन लगाउने ।

(२) निर्माण कार्यमा प्रयोग गरिने सामाग्री तथा कार्यको स्तर सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा बैंकको निर्णय अन्तिम हुनेछ ।

३. **द्वितीय पक्षले अरुलाई काम सुम्पन नहुनेः** यस सम्झौता वमोजिम द्वितीय पक्षले गर्नु पर्ने काम वा सोको केही भाग प्रथम पक्षको लिखित स्वीकृति बेगर कुनै व्यक्ति वा फर्मलाई सुम्पन पाउने छैन ।

४. **सम्झौतापत्रको व्याख्याः** सम्झौतापत्रको व्याख्याको आवश्यकता परे बैंकले व्याख्या गर्नेछ र निजले गरेको व्याख्या द्वितीय पक्षले पालना गर्नु पर्नेछ ।

५. **नक्सा** (१) नक्साहरु बैंकको अधीनमा रहनेछन् । द्वितीय पक्षलाई नक्साहरुको आवश्यकता परेमा बिना महशुल उपलव्ध गराइने छ । द्वितीय पक्षले आवश्यक मात्रामा नक्साका प्रतिलिपिहरु बनाउन सक्नेछ । सम्झौतापत्र वमोजिमको काम सम्पन्न भए पछि नक्साहरु प्रथम पक्षलाई फिर्ता दिनु पर्नेछ ।

(२) सम्झौतापत्र वमोजिम गर्नु पर्ने कामका लागि समय समयमा आवश्यक पर्ने अन्य नक्साको लागि द्वितीय पक्षले बैकलाई समयमै लिखित सूचना दिनु पर्नेछ ।

६. **अन्य आवश्यक नक्सा र निर्देशन:** निर्माण कार्यको क्रममा बैंकले समय समयमा द्वितीय पक्षलाई आवश्यक नक्सा र निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु द्वितीय पक्षको कर्तव्य हुनेछ ।

७. **सन्तुष्ट हुने काम हुनु पर्ने:** द्वितीय पक्षले सम्झौतामा उल्लिखित तरिका अनुसार प्रथम पक्ष सन्तुष्ट हुने गरी काम गर्नु पर्नेछ । निर्माण कार्य विल अफ क्वान्टीटीमा उल्लेख गरिएको विवरण तथा स्पेशिफिकेशन अनुसारको नभई फरक परेमा प्रथम पक्षलाई स्वीकार्य हुने छैन र त्यस्तो कामको भुक्तानी दिइने छैन ।

८. **द्वितीय पक्षले कामको रेखदेख गर्ने:** निर्माण कार्य गर्दा द्वितीय पक्ष वा निजको प्रतिनिधि आफै बसी सम्पूर्ण कामको रेखदेख गर्नु पर्नेछ ।

९. **द्वितीय पक्षको कामदार:** सामान्य श्रमिकको रुपमा कार्य गराउंदा बाहेक निर्माण कार्यको लागि द्वितीय पक्षले योग्य र अनुभवी व्यक्तिहरुलाई मात्र कार्यमा लगाउनु पर्नेछ ।

१०. **कामदार खटाउने:** प्रथम पक्ष वा प्रथम पक्षको प्रतिनिधिलाई द्वितीय पक्षले राखेका कामदार वा प्रतिनिधिको काम सन्तोषजनक छैन भन्ने लागेमा निजले त्यस्ता कामदार वा प्रतिनिधिलाई हटाउन द्वितीय पक्षलाई आदेश दिन सक्नेछ । यस्तो आदेश प्राप्त भएमा द्वितीय पक्षले त्यस्ता कामदार वा प्रतिनिधिलाई हटाई यथाशक्य योग्य कामदार वा प्रतिनिधिको व्यवस्था गर्नु पर्नेछ ।

११. **चिन्ह लगाउने:** काम शुरु गर्नु अघि गरिने कार्यको ठीक ठीक चिन्ह लगाउने, नाप, लेवल जे मिलाउनु पर्ने कुराहरु इन्जिनियरले द्वितीय पक्षलाई दिएका निर्देशन वमोजिम गर्नु पर्नेछ । नाप, लेवल, लाइन नमिलाई बनाएको खण्डमा द्वितीय पक्षले आफनै खर्चमा सच्याई पुनः बनाउनु पर्नेछ ।

१२. **परीक्षणसंग सम्वन्धित अतिरिक्त कामको खर्च:** निर्माण अवस्थामा जमिन भित्रसम्म खनी कुनै परीक्षण गर्नु पर्ने भएमा प्रथम पक्षले द्वितीय पक्षलाई लिखित आदेश दिनेछ र त्यस्तो कामको लागि लाग्ने खर्च प्रथम पक्षबाट द्वितीय पक्षलाई दिइनेछ ।

१३. **अन्य प्रवन्ध:** निर्माण वा मर्मत कार्यको संरक्षणका लागि गरिनु पर्ने कार्यहरुका बारेमा प्रथम पक्षको प्रतिनिधि वा अन्य अधिकार प्राप्त व्यक्तिले द्वितीय पक्षलाई आदेश दिन सक्नेछ र त्यस किसिमको खर्च द्वितीय पक्षले व्यहोर्नु पर्नेछ ।

१४. **कामको स्याहार संभार:** काम शुरु भएदेखि समाप्त नभएसम्मको स्याहार संभार गर्ने सम्पूर्ण जिम्मेवारी द्वितीय पक्षको हुनेछ । कारणवश कुनै काम वा अस्थायी काम वा तिनको कुनै भागमा कुनै किसिमको नोक्सान हुन गएमा द्वितीय पक्षले नै आफ्नो तर्फबाट खर्च व्यहोरी बनाउनु पर्नेछ ।

१५. **पुरातात्विक वा वैज्ञानिक वस्तुहरु:** निर्माण कार्यको क्रममा पुरातात्विक वा वैज्ञानिक महत्वका वस्तुहरु निस्केमा ती वस्तुहरु उपर द्वितीय पक्षको कुनै अधिकार हुने छैन । द्वितीय पक्षले प्रथम पक्षलाई सूचना दिई उक्त बस्तु प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

१६. **पेटेण्ट अधिकार र रोयल्टीज:** निर्माण कार्यका सम्वन्धमा द्वितीय पक्षले अरु कुनै व्यक्तिको पेटेण्ट, डिजाइन, ट्रेडमार्क, नाम वा अन्य सुरक्षित अधिकारहरुको प्रयोग प्रथम पक्षलाई नोक्सान हुने गरी गर्न हुंदैन । कथंकदाचित त्यस्ता कुराहरु प्रयोग गरी प्रथम पक्षलाई कुनै किसिमको नोक्सानी भएमा द्वितीय पक्षले सो नोक्सानी व्यहोर्नु पर्नेछ ।

१७. **आवागमनमा वाधा पुऱ्याउन नहुने:** निर्माण कार्य गर्दा कुनै व्यक्ति वा सर्वसाधारणलाई वाधा वा हानी पुग्ने गरी निजी वा सार्वजनिक बाटो, पानीका नाला, विजुली वा टेलिफोनका तार लगायत अन्य स्थानहरुमा वाधा वा हानी नोक्सानी पुग्ने काम गर्न हुदैन । कथंकदाचित त्यस्तो हुन गएमा द्वितीय पक्ष जिम्मेवार हुनु पर्नेछ ।

१८. **अरु व्यक्तिलाई निर्माण स्थल प्रयोग गर्न दिने:** निर्माण स्थल र कार्यमा प्रथम पक्षले आफ्नो तर्फबाट कामदार व्यक्तिहरु राखी अन्य कार्य गराउन चाहेमा द्वितीय पक्षले आवश्यक सुविधा र सहयोग समन्वयात्मक ढंगबाट उपलव्ध गराउनु पर्नेछ ।

१९. **कामदारको वन्दोवस्त:** द्वितीय पक्षले निर्माण कार्यको लागि चाहिने कामदार, ज्यामी कारिन्दा, प्राविधिज्ञ आदि सवै आफ्नै तर्फबाट वन्दोवस्त गर्नु पर्नेछ र आवश्यकतानुसार तिनीहरु बस्ने घर, खानेपानी, बत्ती आदिको बन्दोवस्त, आवश्यक पर्ने बीमा लगायतका सुरक्षाको प्रवन्ध समेत गर्नु पर्नेछ । प्रथम पक्षले निर्माण कार्यमा संलग्न ज्यामी, कारिन्दा, प्राविधिकहरुको लगत मागेमा द्वितीय पक्षले दिनु पर्नेछ ।

२०. **प्रयोग हुने वस्तु र परीक्षण:** निर्माण कार्यको लागि प्रयोग गरिने मालसामानहरु निर्माण स्थलमा दाखिला हुनासाथ परिमाण खुलाई द्वितीय पक्षले प्रथम पक्ष वा निजको प्रतिनिधिलाई सूचना गर्नु पर्नेछ । यस्तो सामाग्री सम्झौता पत्रमा उल्लिखित किसिमको वा इन्जिनियरले निर्देशन दिए वमोजिमको हुनु पर्नेछ । निर्माण कार्यमा कुनै वस्तु प्रयोग गर्नुभन्दा अगावै सो वस्तुको नमूना इन्जिनियर समक्ष द्वितीय पक्षले आफ्नै खर्चमा पठाउनु

पर्नेछ । नमूना परीक्षण गराउनु पर्ने भनी इन्जिनियरले ठहर गरेमा त्यस्तो परीक्षण गर्दा लाग्ने खर्च द्वितीय पक्षले व्यहोर्नु पर्नेछ ।

२१. **निर्माणस्थलको निरीक्षणः** प्रथम पक्ष वा निजको इन्जिनियर वा निजको प्रतिनिधिले जुनसुकै बखत पनि निर्माणस्थलमा कामको निरीक्षण गर्न सक्ने छन् ।

२२. **काम सकिनुभन्दा अघिको परीक्षणः** प्रथम पक्ष वा निजको इन्जिनियर वा अधिकार प्राप्त व्यक्तिले आवश्यकता अनुसार नापी वा जांची स्वीकृति दिएपछि मात्र ढाक्ने, छोप्ने वा बन्द गर्ने कार्य द्वितीय पक्षले गर्नु पर्नेछ । त्यस्तो नाप वा जांचको लागि समयमै द्वितीय पक्षले इन्जिनियर वा अधिकार प्राप्त व्यक्तिलाई सूचना दिनु पर्नेछ ।

२३. **मालवस्तु हटाउने र अर्को ल्याउने आदेशः** (१) कामको निर्माणाधिन अवस्थामा इन्जिनियरले आवश्यक देखेमा द्वितीय पक्षलाई लिखित सूचना दिई देहाएका आदेशहरु दिन सक्नेछः

(क) निर्मित कार्यको कुनै भाग सन्तोषजनक नदेखिएमा सो भत्काई पुनः बनाउन  लगाउने,

(ख) निर्माण कार्य गर्ने स्थलमा देखिएका वस्तुहरु कार्यमा प्रयोग हुन लायक गुणस्तरको नभएमा ती वस्तुहरु हटाउन लगाउने र चाहिंदो गुणस्तरको वस्तु मगाउन लगाउने, र

(ग) निर्मित कार्यको प्रमाणपत्र वा भुक्तानी पाइसकेपछि पनि त्यस्ता कार्यमा कुनै त्रुटी देखा परेमा सो भत्काई पुनः बनाउन लगाउने ।

(२) उपशर्त (१) वमोजिम दिइएका आदेशहरु अन्तर्गत गर्नु पर्ने कार्यहरु तोकिएको समय वा मनासिव माफिकको समयभित्र द्वितीय पक्षले आफ्नै खर्चमा गर्नु पर्नेछ । त्यस्ता आदेशहरु द्वितीय पक्षले पालना नगरेमा प्रथम पक्षले नै ती कार्यहरु गर्नेछ र सो कार्य गर्दा लागेको खर्च द्वितीय पक्षलाई दिनु पर्ने रकमबाट कट्टा गरी असुल उपर गरिनेछ ।

२४. **काम स्थगित गर्नु पर्नेः** इन्जिनियरले मनासिव माफिकको कारण खुलाई निर्माण कार्य संचालन गर्न नसकिने अवस्था परेको भनि द्वितीय पक्षलाई खास अवधिसम्मका लागि निर्माण कार्यको सम्पूर्ण वा आंशिक रुपमा काम बन्द गर्नका लागि लिखित आदेश दिन सक्नेछ । यस किसिमको आदेश पाएमा द्वितीय पक्षले सो स्थगित अवधिभर भईसकेका कामहरु सुरक्षित रुपमा राख्नु पर्नेछ । तर बैंकको लिखित अनुमति विना द्वितीय पक्षले कार्य स्थगित गर्न पाउने छैन ।

२५. **तयारी म्यादः** प्रथम पक्षबाट द्वितीय पक्षलाई काम शुरु गर्न कार्यादेश दिएको मितिले १५ दिन तयारी म्याद पाउनेछ र उक्त अबधि भित्र द्वितीय पक्षले काम शुरु गरी सोको सूचना प्रथम पक्षलाई लिखित रुपमा दिनु पर्नेछ । सो अनुसार काम शुरु नगरेमा प्रथम पक्षले परफरमेन्स वण्ड, विडबण्ड तथा अन्य जमानत वा धरौटी रकम भए सो जफत गरी द्वितीय पक्षलाई कालो सूचीमा राख्न कारवाही अगाडि बढाइनेछ ।

२६. **काम समाप्त हुनु पर्ने अवधिः** शर्त नं. २४ वमोजिम काम स्थगित भएकोमा वाहेक Bill of Quantity मा उल्लेख भए वमोजिम हुनु पर्ने कार्य सम्झौता भएको मितिले **१८०** दिनभित्र द्वितीय पक्षले सम्पन्न गरी सक्नु पर्नेछ । यस संझौता पत्रमा उल्लिखित कार्यहरु गर्दा त्यस्ता कार्यहरुमा प्रयोग हुने कुनै माल, सामान, वस्तु वा सेवा आदिको मूल्य अप्रत्यासित रुपमा साविक मूल्यको १० प्रतिशत भन्दा बढिले बढेमा वा घटेमा त्यसरी बढेको वा घटेको रकममा १० प्रतिशत कट्टा गरी मूल्य समायोजन गरिनेछ । तर खरिद सम्झौता प्राप्त गर्ने ब्यक्तिको ढिलाईका कारणले कार्य समयमै सम्पन्न नभई बढि समय लागेको अबस्थामा मूल्य बढेको भए मूल्य समायोजन गरिने छैन ।

२७. **समय थपः** कामको क्रममा बैंकले थप कार्य स्वीकृत गरेमा वा काबु बाहिरको कुनै परिस्थितिले गर्दा तोकिएको समयमा काम समाप्त हुन नसकेको भनि सबै परिस्थिति खुलाई द्वितीय पक्षले प्रथम पक्ष समक्ष दरखास्त दिएमा र प्रथम पक्ष सो परिस्थितिसंग सन्तुष्ट भएमा आवश्यक समय थप दिन सकिनेछ ।

२८. **समयमै काम नसकिएमा क्षतिपूर्ति दिनु पर्नेः** शर्त नं.२६ मा उल्लिखित समय भित्र वा शर्त नं. २७ वमोजिम दिइएको थप समय भित्र द्वितीय पक्षले काम समाप्त गर्न नसकेमा ठेक्का अवधि समाप्त भएको मितिले सम्झौता रकमको ०.०५ प्रतिशत प्रति दिनका दरले हर्जाना स्वरुप द्वितीय पक्षले बुझाउनु पर्नेछ । सम्झौता रकमको १० प्रतिशतसम्म हर्जाना लाग्ने अवधिसम्ममा पनि काम सम्पन्न गर्न नसकेमा वा कार्य बिचैमा छोडेमा प्रथम पक्षले आफ्नो तर्फबाट सो कार्य सम्पन्न गराई, कार्य सम्पन्न गराउंदा लागेको सम्पूर्ण खर्च द्वितीय पक्षबाट असुल उपर गर्नेछ । द्वितीय पक्षले सम्झौता अनुसारको कार्य नगरेमा वा हेलचेक्रयाई गरी समयमै काम सम्पन्न नगरेको कारण ठेक्का सम्झौता भंग गरिएमा सम्झौताका बखत द्वितीय पक्षले राखेको परफरमेन्स वण्ड जफत गरी त्यस्तो फर्मलाई कोलो सूचीमा राख्न कारवाही अगाडि बढाइनेछ ।

२९. **लिखतको दायित्व समाप्त नहुने:** शर्त नं. २८ वमोजिम द्वितीय पक्षले प्रथम पक्षलाई क्षतिपूर्ति दिनु पर्ने भएमा वा दिइसकेपछि पनि सम्झौतापत्र वमोजिम द्वितीय पक्षको दायित्व समाप्त भएको मानिने छैन ।

३०. **संभार अवधि तथा त्रुटी सुधार:** सम्झौता अनुसारको काम सम्पन्न भई द्वितीय पक्षले प्रथम पक्षबाट बीलको अन्तिम भुक्तानी प्राप्त गरेको मितिले दुई वर्षसम्म उक्त कार्यमा कुनै किसिमको त्रुटी वा खरावी देखिएमा इन्जिनियरले निर्देशन दिए वमोजिमको समयभित्र द्वितीय पक्षले आफ्नो खर्च लगाई त्यस्तो त्रुटी वा खरावी सच्याउनु वा पुनः निर्माण गर्नु पर्ने भएमा पुनः निर्माण समेत गर्नु पर्नेछ । संभार अवधिमा सुधार्नु पर्ने काम द्वितीय पक्षले तोकिएको समयभित्र सम्पन्न नगरेमा प्रथम पक्षले आफैले वा अन्य व्यवस्था गरी सो बनाउने वा

सुधार कार्य गर्ने गराउने छ र यसको लागि लागेको खर्च द्वितीय पक्षबाट प्रथम पक्षले भराई लिन वा द्वितीय पक्षलाई भुक्तानी दिनु पर्ने रकमबाट कट्टा गरी असुल उपर गर्न सक्नेछ ।

३१. **हेरफेर गर्ने आदेश:** (१) इन्जिनियरको सल्लाहमा प्रथम पक्षले कामको कुनै भाग परिमाण वा गुण सम्वन्धी देहाएका लिखित आदेशहरु द्वितीय पक्षलाई दिन सक्नेछ र त्यस्तो आदेश पाएमा सो आदेश वमोजिम गर्नु द्वितीय पक्षको कर्तव्य हुनेछ :-

(क) यस सम्झौतापत्र वमोजिम गर्नु पर्ने कामको परिमाण घटाउन वा बढाउन,
(ख) कामको कुनै भाग विलकुलै नगर्न,
(ग) कुनै कामको रुप, गुण र किसिममा हेरफेर गर्न,
(घ) कामको कुनै भागको लेवल, लाईन, पोजिसन र डाइमेन्सन हेरफेर गर्न, र
(ङ) काम तामेल गर्ने सम्वन्धमा दिइएका अन्य कामहरु गर्न ।

(२) उपशर्त (१) वमोजिमको आदेशबाट काममा कुनै हेरफेर हुन गएमा सोको मूल्यांकन सम्झौतापत्रको दर वमोजिम निर्धारण गरिनेछ । यस सम्झौतापत्रमा दररेट उल्लेख नभएकोमा प्रथम पक्ष र द्वितीय पक्षका विच मन्जूरी भए वमोजिम दर निर्धारण गरिने छ । यसरी पनि दर मन्जुर हुन नसकेमा इन्जिनियरले ठहराए वमोजिम दर वा अंक निर्धारण गरिनेछ ।

३२. **वस्तु तथा सामाग्रीको प्रयोग:** (१) शर्त नं.३६ वमोजिम द्वितीय पक्षलाई कामबाट हटाइएमा निर्माणस्थलमा द्वितीय पक्षले ल्याएका वस्तु तथा सामाग्री कार्यस्थलबाट बाहिर लिएर जान पाउने छैन ।
(२) अन्य कुनै व्यक्ति वा फर्मसंग निर्माण सामाग्रीहरु सम्झौता गरी ल्याएको भए सम्झौता भएको मितिले यथाशक्य चांडो द्वितीय पक्षले इन्जिनियरलाई त्यस्तो सामाग्रीहरुको फेहरिस्त सहित लिखित जानकारी दिनु पर्नेछ । यसरी जानकारी दिंदा ढुवानी वापत द्वितीय पक्षले व्यहोर्नु पर्ने भाडा अंक समेत खुलाउनु पर्नेछ ।
(३) शर्त नं.३६ वमोजिम सम्झौता भंग गरी द्वितीय पक्षलाई कामबाट हटाइएमा बांकी काम पूरा गर्न, त्यस्ता काम समाप्त नभएसम्मको अवधिको लागि द्वितीय पक्षको स्वामित्वमा रहेका वस्तु र निर्माण सामाग्रीहरु प्रथम पक्षले प्रयोग गर्न सक्नेछ ।

३३. **कामको नाप:** यस सम्झौतापत्रमा अन्यथा व्यवस्था भएकोमा वाहेक द्वितीय पक्षले कामको विल पेश गरेपछि इन्जिनियरले यस सम्झौतापत्र वमोजिम भएको कामको नाप जांच गरी मूल्य निर्धारण गर्नेछ । कामको नाप जांच गर्दा आवश्यक मद्दत मागिएमा द्वितीय पक्षले त्यस्तो मद्दत गर्नु पर्नेछ । द्वितीय पक्षबाट यस सम्वन्धमा कुनै मद्दत नपाएमा इन्जिनियरले नापेका वा निजले स्वीकृत गरेका कामको नाप ठिक भएको मानिनेछ ।

३४. **नाप गर्ने तरिका:** यस सम्झौतापत्रमा स्पष्ट रुपमा कुनै खास तरिकाबाट नाप हुने उल्लेख भएको बाहेक कामको नाप नेट तरिकाले गरिनेछ ।

३५. **कामको प्रमाण पत्र:** सम्पूर्ण काम समाप्त गरी अन्तिम बीलको भुक्तानी भएपछि कार्य सम्पन्न गरेको प्रमाणपत्र द्वितीय पक्षलाई प्रथम पक्षले दिनेछ ।

३६. **सम्झौता भंग गर्न सकिने:**

(१) देहाएको कुनै अवस्थामा कारण खुलाई प्रथम पक्षले पन्ध्र दिनको सूचना दिई सम्झौता भंग गर्न सक्नेछ :-

(क) द्वितीय पक्ष साहूको दामासाहीमा परेमा,
(ख) द्वितीय पक्ष लिक्वीडेसनमा गएमा,
(ग) प्रथम पक्षको पूर्व स्वीकृति वेगर अरु कसैलाई द्वितीय पक्षले काम सुम्पेमा,
(घ) इन्जिनियरले कारण खुलाई देहाए वमोजिम भएको भनी प्रमाणित गरी दिएमा द्वितीय पक्षले करार तोडेको मानिनेछ :-

(१) द्वितीय पक्षले तोकिएको समयमा काम शुरु नगरेको र सो सम्वन्धमा मनासिव कारण पनि नभएको,

(२) स्थगित गरिएको काम चालु गर्नु भन्ने आदेश पाएको पन्ध्र दिनभित्र पनि काम चालु नगरेको र सो सम्वन्धमा मनासिव कारण पनि नभएको,

(३) काममा कुनै भाग तोडी बनाउन पर्ने वा कुनै वस्तु निर्माण स्थलबाट हटाउन इन्जिनियरले दिएको आदेश पन्ध्र दिनसम्ममा पनि पालन नभएको, वा

(४) सम्झौता वमोजिम गर्नु पर्ने कामको प्रगति सन्तोषजनक नभएको वा द्वितीय पक्षले सम्झौता वमोजिम गर्नु पर्ने दायित्व पूरा गर्न बारम्बार हेलचक्राइ गरिरहेमा ।

(२) उपशर्त (१) बमोजिमको सूचना दिएको मितिले पन्ध्र दिनपछिका कुनै पनि दिनमा प्रथम पक्षले कार्यस्थलबाट द्वितीय पक्षलाई हटाउन सक्नेछ र बांकी काम आफू वा अरु व्यक्तिद्वारा गर्न र गराउन सक्नेछ । यसरी निर्माण गर्दा लागेको खर्च प्रथम पक्षले स्वीकृत गरेको दररेट भन्दा बढी भएमा बढी रकम द्वितीय पक्षको कार्य सम्पादन जमानतबाट असुल उपर गरीनेछ ।

(३) करार भंग गरी द्वितीय पक्षलाई कामबाट हटाएमा इन्जिनियरले द्वितीय पक्षबाट लिनु पर्ने वा द्वितीय पक्षलाई दिनु पर्ने रकम निर्धारित गर्नेछ । कुनै रकम दिनु पर्ने ठहर भएमा द्वितीय पक्षलाई दिइनेछ र द्वितीय पक्षबाट लिनु पर्ने भएमा निजबाट असुल उपर गरिनेछ । द्वितीय पक्षले समयमा सो रकम दिन आनाकानी गरेमा कार्यस्थलमा रहेको द्वितीय पक्षका मालवस्तु निर्माण सामाग्रीहरु आदि विक्री गरी वा प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ ।

३७. **दायित्व नरहनेः** (१) देहाएको कुनै पनि स्थितिमा काममा भएको क्षति वा कसैको ज्यान, धनमालमा भएको क्षतिको सम्वन्धमा द्वितीय पक्षको कुनै दायित्व हुनैछैन र त्यस सम्वन्धमा द्वितीय पक्षले कुनै पनि रुपमा क्षतिपुर्ति दिनु पर्ने छैनः-

(क) विदेशी आक्रमणको कारणबाट भएको क्षति,

(ख) आन्तरिक विद्रोह वा गृह युद्धको कारणबाट भएको क्षति, र

(ग) भुकम्प वा अरु कुनै दैवी प्रकोप परेका कारणबाट भएको क्षति ।

(२) उपशर्त (१) मा उल्लेखित कारण बाहेक अन्य अवस्थामा निर्माण कार्य शुरु भएदेखि निर्धारित काम सम्पन्न गरी बैंकलाई हस्तान्तरण नगरुन्जेलसम्म कुनै हानी नोक्सानी भएमा द्वितीय पक्षनै पूर्ण रुपले जिम्मेवार हुनेछ ।

३८. **सम्झौता समाप्त गर्न सकिनेः** युद्धको कारण वा काबु बाहिरको परिस्थिति परी यस करार वमोजिम हुनु पर्ने काममा असर पर्ने भएमा वा काम सम्पन्न गर्न सक्ने अवस्था नदेखिएमा प्रथम पक्षले द्वितीय पक्षलाई सो कारण उल्लेख गरी पन्ध्र दिनको लिखित सूचना दिई सम्झौता समाप्त गर्न सक्नेछ ।

सम्झौता समाप्त भएपछि कार्य स्थलमा रहेको द्वितीय पक्षका मालवस्तु र निर्माण सामाग्रीहरु सबै द्वितीय पक्षले निर्माण स्थलबाट लिएर जान सक्नेछ । यस करार वमोजिम द्वितीय पक्षले कुनै अन्य व्यक्तिसंग सम्झौता गरी खास काम गर्न लगाएको भए यसरी काम गर्ने व्यक्तिले पनि आफ्ना सामानहरु वा निर्माण सामाग्री कार्यस्थलबाट लिएर जान सक्नेछ ।

३९. **भुक्तानीः** (१) द्वितीय पक्षबाट भुक्तानीको लागि निवेदन पेश हुन आएमा कामको प्रगति हेरी वास्तविक नापको आधारमा इन्जिनियरको सिफारिसमा रनिंग विलको भुक्तानी दिइनेछ । यसरी भुक्तानी दिंदा प्रचलित कानून बमोजिम तिर्नु पर्ने करका साथै रिटेन्सन मनि वापत रनिंग विलको दश प्रतिशत कट्टा गरी धरौटी स्वरुप राखिने छ । पछि काम समाप्त भै इन्जिनियरले अन्तिम जांचपास गरी प्रमाणित गरेपछि उक्त धरौटी स्वरुप राखिएको रकम बाहेक फाइनल विलको भुक्तानी गरिनेछ र शर्त नं.४१ को उपशर्त (२) बमोजिम मात्र सो धरौटी स्वरुप राखिएको रिटेन्सन मनी वापतको रकम फिर्ता गरिनेछ ।

(२) निर्माण कार्य बैंकका प्राविधिकको रेखदेखमा गरिनेछ । विल अफ क्वान्टीटीमा उल्लेख गरिएको विवरण तथा स्पेशिफिकेशन अनुसारको कार्य नभई फरक परेमा बैंकलाई स्वीकार्य हुने छैन र त्यस्तो कामको भुक्तानी दिइने छैन ।

(३) द्वितीय पक्षले कार्य सम्पन्न गरी भुक्तानीको लागि पेश गरेको अन्तिम विलको भुक्तानी गर्ने क्रममा प्रथम पक्षले आवश्यक ठानेमा आफ्नै खर्चमा बाहय प्राविधिकबाट कामको नापजाँच तथा स्पेशिफिकेशन अनुसारको भए नभएको गुणस्तर परीक्षण गराउन सक्नेछ । यस्तो नापजाँच परीक्षणबाट प्राप्त विवरणलाई अन्तिम मानी विलको भुक्तानी गरिने हुँदा सो उपर द्वितीय पक्षले कुनै विवाद

उठाउन पाउने छैन । बाह्य प्राविधिकबाट नापजाँच तथा परीक्षण हुँदा बैंकलाई हानी नोक्शानी हुने गरी काम कारवाही भए गरेको पाइएमा शर्त नं.२८ बमोजिम द्वितीय पक्षलाई कारवाही गर्न सकिनेछ ।

४०. **ठेक्का कार्यमा परिवर्तनः** प्राविधिक वा अन्य कुनै कारणबस बोलपत्र वा ठेक्का सम्भौतामा उल्लेखित कार्यमा थपघट वा हेरफेर गर्न वान्छनिय देखिन आएमा सोको पर्याप्त कारण सहित इन्जिनियरबाट पेश हुन आएमा र यस सम्वन्धमा प्रथम पक्ष सन्तुष्ट भएमा त्यस्तो कार्य थपघट वा हेरफेर गर्ने स्वीकृति दिन सक्नेछ ।

४१. **परफरमेन्स वण्ड र रिटेन्सन मनिको भुक्तानीः** (१) कार्य पूरा भई हस्तान्तरण भएको मितिले दुई वर्षभित्र कार्यको बनौटमा कैफियत देखिएमा वा सोही कारणले भत्केमा, विग्रेमा, ढलेमा वा कुनै हानी नोक्सानी भएमा उक्त कार्य द्वितीय पक्षले पूरा गर्नु पर्नेछ । सो पश्चात कामको गुणस्तर निरीक्षण गरी सम्पादित काम सन्तोषजनक पाइएमा मात्र एक वर्षपछि परफरमेन्स वण्डको भुक्तानी दिइनेछ र फाइनल बिल भुक्तानी गर्दा राखिएको रिटेन्सन मनि वापतको रकम २ (दुई) वर्षपछि फुकुवा गरिनेछ ।

(२) उपशर्त (१) बमोजिमको परफरमेन्स वण्ड र फाइनल विल भुक्तानी गर्दा कट्टा गरी राखिएको रिटेन्सन मनी वापतको रकम उल्लिखित मिति अगावै द्वितीय पक्षलाई आवश्यक परेमा निजले सो रकम बराबरको बैंक ग्यारेन्टी पेश गरी त्यस्तो रकमको भुक्तानी लिन सक्नेछ ।

४२. **पेश्कीः** (१) कामको लागि द्वितीय पक्षले अग्रिम पेश्की माग गरेमा स्वीकृत कूल रकम (मू.अ.कर बाहेक)को बीस प्रतिशतसम्म प्रथम पक्षले दिएको नमूना अनुसार बैंक ग्यारेन्टी लिई पेश्की दिन सकिनेछ ।

(२) द्वितीय पक्षलाई गएको पेश्की फछ्र्यौट नभएसम्म निजले पाउने प्रत्येक रनिंग विलको स्वीकृत रकमको पचास प्रतिशतका दरले प्रथम पक्षले कट्टा गरी असुल गर्नेछ ।

४३. **माल सामानको सुरक्षा र रेखदेखः** कार्यस्थलमा रहेको सम्पूर्ण मालसामानको सुरक्षा र रेखदेख गर्ने जिम्मेवारी द्वितीय पक्षको हुनेछ ।

४४. **विवादको समाधानः** प्रथम पक्ष र द्वितीय पक्षका विच यस सम्भौतापत्र वमोजिम हुनु पर्ने काम चालु अवस्थामा वा समाप्त भएपछि पनि सो सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा दुबै पक्षले आपसी छलफलद्वारा उक्त विवादलाई समाधान गर्नु पर्नेछ । कथंकदाचित आपसी छलफलद्वारा त्यस्ता विवादको समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम विवादको समाधान गरिनेछ ।

४५. **कर तथा दस्तुरः** प्रचलित कानून बमोजिम लाग्ने कर, दस्तूर र अन्य शुल्क द्वितीय पक्षले व्यहोर्नु पर्नेछ ।

४६. **सम्भौताको अभिन्न अंगः** यस कार्यको बोलपत्र सम्बन्धी सूचना तथा बोलपत्रका शर्तहरु यस सम्भौताका अभिन्न अंग हुने छन् ।

दुवै पक्षका आधिकारिक प्रतिनिधिहरुले निम्न साक्षीहरुको रोहवरमा आज मिति २०६७ साल .......... गते रोज ... का दिन नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा बसी दुई प्रति सम्भौतापत्रमा हस्ताक्षर गरी एक/ एक प्रति लियौं दियौं ।

| प्रथम पक्षको तर्फबाट | द्वितीय पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालयको छापः | फर्म/कम्पनीको छापः |
| साक्षी | साक्षी |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम : | नाम : |
| पद : | ठेगानाः |

## खरिद कारवाहिको समय तालिका

(खर्च ब्यबस्था बिनियमावली २०६३, को बिनियम ८ को उप-बिनियम (३) संग सम्बन्धित)

| क्र.सं | कार्य विवरणहरु | कार्य समयाबधि |
|---|---|---|
| क | बील अफ क्वान्टिटी  तयार गर्ने | २०६६ मार्ग महिनामा |
| ख | लागत अनुमान तयार गर्ने | २०६६ पौष १५ महिनामा |
| ग | बोलपत्र सम्बन्धि कागजातहरु<br>(सूचना, सम्झौता, फारम आदि) | २०६६ पौष महिनामा |
| घ | बोलपत्र आह्वान | २०६६ं पौष मसान्तसम्म |
| ङ | बोलपत्र प्रस्तावको मूल्याङ्कन | २०६६ फाल्गुण ७ सम्म |
| च | बोलपत्र प्रस्ताव स्विकृत गर्ने | २०६६ फाल्गुण १५सम्म |
| छ | सम्झौता गर्ने | २०६६ फाल्गुण मसान्तसम्म |
| ज | कार्य आरम्भ गर्ने | २०६६ चैत्र पहिलो हप्ताबाट |
| झ | कार्य पुरा गर्ने | २०६७ जेष्ट मसान्तसम्म |

विनियम -६०

१. .................................................................**पूर्णताको परीक्षण फारम**

**प्रस्तावदाताको नामः-**

| क्र.सं | विवरण | भएको | नभएको |
|---|---|---|---|
| १ | प्रस्ताव शिलबन्दी खाममा राखी पेश । | | |
| २ | फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र । | | |
| ३ | ब्यबसायको सम्वन्धित नियमक संस्थाबाट नविकरण भएको ईजाजतपत्र | | |
| ४ | मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा (प्यान) दर्ता नम्बर प्रमाणपत्र । | | |
| ५ | आ.व. २०६४/०६५ सम्मको सम्वन्धित कर कार्यालयबाट कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि वा आ.व.२०६५।६६ को कर बिवरण प्रमाण | | |
| ६ | बोलपत्रदाताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनि लिखित घोषणा पत्र । | | |
| ७ | बैकबाट बिक्री भएको प्रस्ताव फारमको सक्कलै प्रति पेश । | | |
| ८ | फर्म बिक्री गर्दा बैंकले दिएको नगदी रसिद प्रस्ताव फारमका साथ संलग्न । | | |
| ९ | बोलपत्र जमानत पेश । | | |
| १० | बोलपत्रदाता ब्यक्तिगत रुपमा वा संयुक्त उपक्रमको साझेदारको रुपमा एकभन्दा बढि बोलपत्रमा संलग्न । | | |
| ११ | **संयुक्त उपक्रममा प्रस्ताव** | | |
| ११.१ | दुबै साझेदारहरु कानूनी रुपमा उत्तरदायी हुने गरी प्रस्ताव फर्ममा हस्ताक्षर । | | |
| ११.२ | दुबै साझेदारहरुको तर्फबाट कानूनी रुपमा अधिकार प्राप्त अधिकारीबाट हस्ताक्षर गरी कुनै एउटा साझेदारलाई प्रमुख साझेदार मनोनित गरेको अख्तियारी पत्र । | | |

मूल्यांकनकर्ताको राय :

मूल्यांकन कर्ता :

नोटः- बोलपत्रको पूर्णताको परीक्षणमा सफल बोलपत्रलाई मात्र अन्य परीक्षणमा समावेश गरिनेछ ।

## २. प्रस्तावको प्राबिधिक पक्षको मूल्यांकन फारम :

| क.सं | विवरण | प्रस्तावदाताको नाम | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | बोलपत्रदाताले कार्य सम्पादन गर्नका लागि तल उल्लेखित विवरण पेश गर्नु पर्नेछ ।<br>क. कार्य सम्पन्न गर्न आवश्यक उपकरणहरुको विवरण उपलब्ध गराउनु पर्नेछ ।<br>(i) Welding Machine<br>(ii) Level Machine<br>(iii) Cutting Machine<br>(iv) Grinder Machine<br>ख. उपकरणहरु बोलपत्रदाताको आफ्नै छ भने स्वामित्व प्रमाणीत गर्ने कागजात वा भाडामा ल्याई कार्य गर्ने हो भने आबश्यक परेको बेलामा उपलब्ध गराउने आपूर्तिकर्ताको प्रतिबद्वता । | | | | | |
| २ | बोलपत्रदाताले कार्य सम्पादनका लागि आबश्यक पर्ने न्यूनतम निम्नानुसारको दक्ष जनशक्ति आफै वा करार मार्फत उपलब्ध गराउनु पर्ने र त्यस्तो दक्ष जनशक्तिले आवश्यक समयमा सेवा प्रदान गर्ने प्रतिवद्धता पत्र समेत पेश गर्नु पर्नेछ ।<br>(i) इन्जिनियर १<br>(ii) ओभरसियर १<br>(iii) प्रशासनिक कर्मचारी १ | | | | | |
| ३ | यन्त्र तथा उपकरणहरुको क्षमता, किसिम र अवस्थाको स्थलगत जांच गर्न सकिनेछ । | | | | | |

नोटः-

मूल्यांकन कर्ताः

## ३. प्रस्तावको ब्यापारिक पक्षको मूल्यांकन फारम :

| क.सं | विवरण | प्रस्तावदाताको नाम | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | आर्थिक वर्ष ०६३।०६४, ०६४।०६५ को लेखापरीक्षण भई सकेको बासलात तथा नाफा नोक्सान विवरण पेश | | | | | |
| २ | बिगत तीन बर्षमा रु. ५० लाख सम्मको Truss वा सोसंग सम्वन्धित निर्माण कार्य एकल रुपमा गरेको बिवरण पेश । (यस्तो विवरण पेश गर्दा कार्य गरेको स्थान, कार्यको कुल रकम, कार्य गराउने संस्था तथा कार्य सम्पन्न गरेको मिति समेत खुल्ने गरी कार्य लगाउने संस्थाले दिएको प्रमाण पत्र पेश गर्नु पर्नेछ) । | | | | | |
| ३ | बैंक तथा बित्तीय संस्थाले जारी गरेको रु. ५० लाख भन्दा बढीको वित्तीय क्षमता सम्वन्धी बिवरण । | | | | | |
| ४ | कार्य सम्पन्न गर्ने अवधि बैंकले तोकेभन्दा घटीबढी । (शर्त नं ७) | | | | | |
| ५ | बोलपत्रदाताले कार्य सम्पन्न गर्ने अवधि सम्वन्धमा अन्य कुनै शर्त राखेको | | | | | |
| ६ | भुक्तानी तथा जरिवाना सम्वन्धी बैंकले तोकेभन्दा अन्य कुनै शर्त । (शर्त नं ८) | | | | | |
| ७ | प्रस्ताव दाताले आफ्ना तर्फबाट कुनै शर्त राखि बोलपत्र पेश । (शर्त नं १.५) | | | | | |

नोटः-

मूल्यांकन कर्ताः

## ५. प्रस्तावको विशेष मूल्यांकन फारम :

| क.सं | विवरण | प्रस्तावदाताको नाम | | | | |
|---|---|---|---|---|---|---|
| १ | बोलपत्र सम्वन्धी कागजमा निर्माण कार्यको कार्ययोजना, कार्य सम्पादन तालिका र परिचालन समय उल्लेख | | | | | |
| २ | बोलपत्रदाताले बील अफ क्वान्टिटीमा संलग्न आइटमको लागि उल्लेख गरेको प्रति इकाई दर विश्वसनीय | | | | | |
| ३ | बोलपत्रको कवोल अंक देहायको कारणले असन्तुलित | | | | | |
| | (क) खरिद सम्झौताको प्रारम्भिक चरणमा गर्नु पर्ने कामको आइटमको लागि बोलपत्रदाताले अस्वभाविक उच्च दर उल्लेख गरेकोले वा | | | | | |
| | (ख) बोलपत्रदाताले बील अफ क्वान्टिटीको कुनै आइटममा अस्वभाविक न्यून दर/उच्च दर उल्लेख | | | | | |

नोटः-

मूल्यांकन कर्ताः

## ४. प्रस्तावको अर्थिक पक्षको मूल्यांकन फारम :

| क.सं | विवरण | प्रस्तावदाताको नाम | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | बोलपत्रदाताले Bill of Quantity फारममा मूल्य अंक र अक्षरमा स्पष्ट रुपमा भरेको | | | | | |
| २ | Bill of Quantity मा प्रस्ताव गरिएको मूल्यमा मूल्य अभिबृद्धि कर समेत समावेश | | | | | |
| ३ | बोलपत्रको शर्त नं १.६ बमोजिम कार्य गर्न मन्जूर | | | | | |
| ४ | लागत अनुमानभन्दा सारभूत रुपमा प्रभावग्राही | | | | | |

नोटः-

मूल्यांकन कर्ताः

# NEPAL RASTRA BANK

## BALUWATAR, KATHMANDU

BILL OF QUANTITIES (BOQ) FOR TRUSS WORKS

**TENDER FORM**

| Sn | Items Of works | Unit | Quantity | Unit rate in figure Rs. | Unit Rate in Word | Total Cost Rs. | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1.0 | Floor Screeding works (1:2:4) of 75mm thick | sft | 5,439.55 | | | | |
| 2.0 | P.c.c. ( 1:1.5:3) M20 for work in post etc. with cement , sand & stone ballast 38mm. Guage including mixing with concrete mixture, compacting the concrete with vibrator machine, laying, finishing to approved level, lines & Dimensions & curing all complet | cft | 213.33 | | | | |
| 3.0 | Punning (1:1) on floor | sft | 5,439.55 | | | | |
| 4.0 | Black pipe tubular truss as suppling ,fitting, welding with Primer Paint midium Thickness actual level including all necessary item of work like Nut,Bolts & Clamp As Per Instructed By Engineer | kg | 2,871.55 | | | | |
| 5.0 | 0.50mm Corugarate colour CGI sheet cover With including suppling,fitting including all necessary Nut ,Bolts & Washer as instructed by Engineer | sft | 6,030.57 | | | | |
| 6.0 | 0.50mm colour CGI for ridge cover with all complete | rft | 58.08 | | | | |
| 7.0 | 0.50mm colour palin sheet gutter work | rft | 269.67 | | | | |
| 8.0 | Chimney made - Made brick work in cement sand 1:6 mortar above ground floor including transportation upto 30m | cft | 1,052.50 | | | | |

NAME OF THE COMPANY:- NAME OF PROPRIETOR:-



ADDRESS OF COMPANY:- SIGNATURE:- SEAL OF COMPANY

| Sn | Items Of works | Unit | Quantity | Unit rate in figure Rs. | Unit Rate in Word | Total Cost Rs. | Remarks |
|---|---|---|---|---|---|---|---|
| 9.0 | 20mm .th cement sand plaster ( 1:4) on Wall of Goodn finish including racking the wetting the surface & curing the work all complete | sft | 2,105.00 | | | | |
| 10.0 | Aluminium Fix ventilation with naturally Anodized colour from the Product of Agrani Aluminium Nepal or Equivalent in the section of 88 x 38.1x 1.1mm and 5mm thick glass all necessary accessories as per drawing and direction of Engineer all complete works. | Sft | 652.67 | | | | |
| 11.0 | Aluminium Sliding Window with naturally Anodized colour from the Product of Agrani Aluminium Nepal or Equivalent in the section of 88 x 38.1 x 1.1mm and 5mm thick glass all necessary accessories as per drawing and direction of Engineer all complete works. | Sft | 1,468.50 | | | | |
| 12.0 | Aluminium Sliding door with naturally Anodized colour from the materials of Agrani Aluminium Nepal or Equivalent in the section of 101 x 45 x 1.5mm including 5mm thick glass as per drawing and direction of Engineer all complete works. | Sft | 30.00 | | | | |
| 13.0 | Fall Ceiling with METALIC Gypsum board with complete fitting | Sft | 7,395.35 | | | | |
| 14.0 | Two coat white wash at new surface all complete work | Sft | 2,105.00 | | | | |
| 15.0 | Two Coat Distemper Paint all complete work | Sft | 2,105.00 | | | | |

NAME OF THE COMPANY:-　　NAME OF PROPRIETOR:-



ADDRESS OF COMPANY:-　　SIGNATURE:-　　SEAL OF COMPANY

| Sn | Items Of works | Unit | Quantity | Unit rate in figure Rs. | Unit Rate in Word | Total Cost Rs. | Remarks |
|---|---|---|---|---|---|---|---|
| 16.0 | Painting in Gypsum fall ceiling surface with Enamel ( readymade) paint of approved color in 2 coats over 1 coat of primer in properly sanded surface for high class fininsh all complete works | Sft | 7,395.35 | | | | |
| 17.0 | Electrical work with complete accessories, fittings and materials required as specified By Site incharge | LS | | | | | |
| 18.0 | Sanitary work with complete accessories, fittings and materials required and shifting exist pipe line as specified By Site incharge | LS | | | | | |
| 19.0 | RCC and Plaster Dismentalling works for Trus pipe fixing work on Floor | LS | | | | | |
| | | **NET TOTAL** | | | | | |
| | | **Add 13 % VAT** | | | | | |
| | | **GRAND TOTAL** | | | | | |

NAME OF THE COMPANY:- NAME OF PROPRIETOR:- 

ADDRESS OF COMPANY:- SIGNATURE:- SEAL OF COMPANY